मिति २०७७/०६/२३ गते स्वीकृत (मा. मन्त्रीज्यूबाट)

प्रदेश सरकार लुम्बिनी प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बुटवल, नेपाल

## कोशेली घर स्थापना सञ्चालन विधि, २०७७

प्रस्तवानाः कृषि उंपजहरुबाट कृषकहरुलाई उचित प्रतिफल दिलाउन तथा उपभोक्ताहरुलाई सहजरुपमा एकै स्थानबाट सरल, सुलभ तथा गुणस्तरयुक्त स्थानीय कृषि उपजहरु उपलब्ध गराउन यस प्रदेश भित्रका कृषि उद्यमी, समूह वा सहकारीका विशेषत महिला उद्यमीहरुलाई प्रत्यक्ष रुपमा समावेश गरी पूर्वाधार निर्माण तथा उपकरण सामग्रीहरुमा सहयोग पुर्याउन र चालु आ. व. मा विनियोजित वजेट तथा कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले लुम्बिनी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "कोशेली घर स्थापना सञ्चालन विधि, २०७७" बनाई लागू गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस सञ्चालन विधिको नाम "कोशेली घर स्थापना सञ्चालन विधि, २०७७" रहेको छ।

(२) यो सञ्चालन विधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस सञ्चालन विधिमा:-

(क) "अनुदान" भन्नाले यस सञ्चालन विधि अनुरुप कोशेली घर स्थापना गर्ने कार्यमा सहयोग पुर्‍याउन कृषि उद्यमी, समूह वा सहकारीलाई उपलब्ध गराईने नगद अनुदान रकमलाई सम्झनु पर्छ।

(ख) "उद्यमी" भन्नाले कम्पनी रजिस्ट्रारको कार्यालय वा घरेलु तथा साना उद्योग विभाग वा वाणिज्य विभागमा दर्ता गरी कृषि तथा पशुपन्छीजन्य कार्यमा सहभागी भएको व्यक्तिलाई सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले स्थानीय स्तरमा उत्पादन भएका कृषि तथा गैरकृषि उत्पादन सामग्री बिक्री वितरण गर्ने कोशेली घर स्थापना गर्ने कार्यक्रमलाई सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले कृषि ज्ञान केन्द्र वा एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयहरुलाई सम्झनु पर्छ।

(ङ) "प्रस्ताव" भन्नाले उद्यमी, समूह वा सहकारीले कोशेली घर स्थापनाको लागि अनुदान पाउन पेश गरेको आवेदनको विवरणलाई सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(छ) "समूह" भन्नाले कृषि व्यवसाय सञ्चालन गर्ने उद्देश्य राखी आधिकारिक निकायमा दर्ता भएको इकाईलाई सम्झनु पर्छ।

(ज) "साझेदार संस्था" भन्नाले यस सञ्चालन विधि अनुरुप कोशेली घर स्थापनाका लागि आवेदन दिने कृषि उद्यमी, समूह वा सहकारी , संस्थाहरुलाई सम्झनु पर्छ।

(झ) "स्वदेशी उत्पादन" भन्नाले स्थानीयस्तरमा उत्पादित फलफुल, तरकारी, खाद्यान्न, दलहन, तेलहन, अदुवा, अलैची, बेसार, टिमुर, च्याउ, मह, पशुपन्छी तथा मत्स्यजन्य उपज लगायत प्रशोधित खाद्य परिकारहरुलाई सम्झनु पर्छ।

३. कार्यक्रम सञ्चालनको उद्देश्य: यस सञ्चालन विधि अनुसार कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) स्वदेशी उत्पादनलाई प्रोत्साहन तथा प्रवर्द्धन गरी उचित बजारीकरणको व्यवस्था गर्न सहयोग पुऱ्याउने,

(ख) स्थानीयस्तरको मौलिक बस्तुहरुको पहिचान बढाउने,

(ग) उपभोक्तालाई सुलभ दरमा वर्षै भरि गुणस्तर युक्त स्वदेशी उत्पादन आपूर्ति गर्न योगदान पुऱ्याउने,

(घ) महिला उद्यमीहरुको आय आर्जनमा वृद्धि गर्दै आर्थिक, सामाजिक तथा साँस्कृतिक पक्षहरुको सबलिकरण गर्ने ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

४. क्षेत्र छनौट: (१) यस आ.व. २०७७/७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार लुम्बिनी प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले तोकेको रिफ्रेस सेन्टर क्षेत्रमा र कार्यक्रममा तोकिएको क्षेत्रमा कोशेली घर स्थापना गरिने छ।

(२) कार्यक्रमको प्रभावकारिता तथा आवश्यकता पहिचानका आधारमा आगामी आ.व.मा थप गर्दै लगिने छ।

५. प्रस्ताव आव्हान/छनौट तथा सञ्चालन: (१) मन्त्रालय/कार्यालय/कार्यालयले कोशेली घर स्थापना गर्न उपयुक्त स्थानका इच्छुक उद्यमी, समूह वा सहकारीको तोकिएको वर्ग र समूदायबाट प्रस्ताव पेश गर्न अनुसूची-१ को ढाँचामा सार्वजनिक सुचना प्रकाशन गर्नेछ।

सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

मन्त्री

(२) कोशेली घर स्थापना गर्न इच्छुक साझेदार संस्थाले सूचनामा तोकिएका कागजात सहित मन्त्रालय/कार्यालयमा अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन र अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) प्रस्तावकले अनुसूची-४ बमोजिमको मापदण्ड पूरा गरेको हुनु पर्नेछ।

(४) प्रस्तावकले लेआउट, डिजाइन र इस्टिमेट प्राविधिक इन्जिनियरलाई प्रमाणित गराई पेश गर्नु पर्नेछ।

(५) प्रस्तावकले महङ्गा औजार उपकरणको अनुमानित लागत पेश गर्दा कम्तिमा तिन वटा कोटेशन संलग्न गर्नु पर्नेछ।

(६) प्रस्तावकले पूर्व खरिद सम्झौता पेश गर्नु पर्नेछ।

(७) प्रस्तावकले खरिद प्रक्रियाको विस्तृत योजना पेश गर्नु पर्नेछ।

(८) प्रस्तावकले कारोबारको चौमासिक रुपमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(९) मन्त्रालय/कार्यालयले चाहेको बेलामा प्रस्तुती माग गर्न सक्नेछ।

६. <u>प्रस्तावकलाई जानकारी</u>: मन्त्रालय/कार्यालयले स्वीकृत गरेका प्रस्तावको जानकारी सम्बन्धित साझेदार संस्थाहरुलाई निर्णय भएको मितिले ७ दिन भित्र गराउनु पर्नेछ।

७. <u>सम्झौता</u>: (१) प्रस्ताव स्वीकृत भएका उद्यमी, समूह वा सहकारी संस्थाहरुसँग कोशेली घर स्थापना गर्नका लागि सम्पूर्ण भौतिक पूर्वाधार निर्माण कार्य र उपकरण सामग्रीहरु व्यवस्थापन लगायतका कार्यहरु सञ्चालन गर्ने सम्झौता गर्न सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र सम्झौता गर्न आउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको समयभित्र आउने उद्यमी, समूह वा सहकारी संस्थासँग मन्त्रालय/कार्यालयले अनुसूची-७ बमोजिम सम्झौता गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समय सीमाभित्र सम्झौता गर्न नआउने उद्यमी, समूह वा सहकारी संस्थाको छनौट स्वतः रद्द भएको मानी दोस्रो प्राथमिकता प्राप्त साझेदारलाई छनौट गर्न बाधा पुगेको मानिने छैन।

## परिच्छेद-३

## <u>समिति सम्बन्धी व्यवस्था</u>

८. <u>समितिहरुको गठन</u>: (१) कार्यक्रम सञ्चालनको लागि नीतिगत व्यवस्था तथा समस्या समाधानको सम्बन्धमा आवश्यक निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछः

| | |
|---|---|
| मा.मन्त्री, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| सचिव, मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | सदस्य |
| सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

| | |
|---|---|
| सचिव, उद्योग, पर्यटन, वन तथा वातारण मन्त्रालय | सदस्य |
| निर्देशक, कृषि विकास निर्देशनालय | सदस्य |
| निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य सचिव |

(२) निर्देशक समितिले आवश्यकता अनुसार बढीमा २ जना विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) निर्देशक समितिको काम कर्तव्य र अधिकारः-

(क) कार्यक्रम कार्यान्वयनका सन्दर्भमा परिआएका बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउनुका साथै आवश्यक रायसुझाव तथा निर्देशन दिने,

(ख) सरोकारवाला निकायहरुसँग आवश्यकता अनुसार समन्वय गर्ने,

(ग) स्वीकृत कार्ययोजना अनुसार कार्य भएनभएको तथा अनुदान रकम सदपयोग भएनभएको अनुगमन गरी पृष्ठपोषण गर्ने।

(४) मन्त्रालयबाट कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमको एक कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ :-

| | | | |
|---|---|---|---|
| (क) | सचिव | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| (ख) | प्रमुख | योजना तथा अनुगमन महाशाखा | सदस्य |
| (ग) | प्रमुख | पशुपन्छी विकास महाशाखा | सदस्य |
| (घ) | प्रमुख | खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा | सदस्य |
| (ङ) | प्रमुख | कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास शाखा | सदस्य सचिव |

(५) कार्यालयबाट कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमको एक कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ :-

| | | |
|---|---|---|
| (क) | कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत, सम्बन्धित कार्यालय | अध्यक्ष |
| (ख) | प्रमुख योजना शाखा, सम्बन्धित कार्यालय | सदस्य |
| (ग) | प्रमुख कृषि शाखा, सम्बन्धित स्थानीय तह | सदस्य |
| (घ) | प्रमुख लेखा शाखा, सम्बन्धित कार्यालय | सदस्य |
| (ङ) | कार्यक्रम सञ्चालन गर्न तोकिएको अधिकृत/कर्मचारी, सम्बन्धित कार्यालय | सदस्य सचिव |

(६) कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार कुनै विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) कार्यक्रम सिफारिस समितिबाट मूल्याङ्कन भई स्वीकृतिका लागि पेश भएका प्रस्तावहरु उपर छलफल (प्रस्तुतिकरण) गरी औचित्यका आधारमा स्वीकृत गर्ने,



मन्त्री
सचिव

(ख) प्राप्त प्रस्तावहरु मध्ये कुनै वा सबै प्रस्तावहरु अस्पष्ट लागेको खण्डमा पून मूल्याङ्कन गर्नका लागि कार्यक्रम सिफारिस समितिमा फिर्ता पठाउन सक्नेछ भने आवश्यकता अनुसार स्थलगत प्रमाणीकरण कार्य पुनः गराउन सक्नेछ।

(८) मन्त्रालयबाट सञ्चालन हुने कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिमको कार्यक्रम मूल्याङ्कन समितिको गठन हुनेछः-

| | | | |
|---|---|---|---|
| (क) | प्रमुख | खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा | अध्यक्ष |
| (ख) | प्रमुख | पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा | सदस्य |
| (ग) | प्रमुख | कानून तथा फैसला कार्यान्वयन शाखा | सदस्य |
| (घ) | प्रमुख | आर्थिक प्रशासन शाखा | सदस्य |
| (ङ) | प्रतिनिधि | आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (च) | प्रमुख | कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास शाखा | सदस्य सचिव |

(९) कार्यालयबाट कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम हेर्ने शाखा प्रमुखको अध्यक्षतामा लेखा प्रमुख तथा सम्बन्धित शाखाको १ जना कर्मचारी सदस्य रहने गरी ३ देखि ५ सदस्यीय कार्यक्रम मूल्याङ्कन तथा सिफारिस समिति गठन हुनेछ।

(१०) मूल्याङ्कन तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी प्रस्तावक संस्थाहरुको प्राथमिकताक्रम सूची तयार गर्ने गराउने,

(ख) आवेदकबाट पेश भएको डिजाईन तथा लागत अनुमान सम्बन्धी कार्यहरुको अध्ययन तथा सम्भाव्यता अध्ययनको लागि अनुसूची-५ बमोजिम स्थलगत प्रमाणीकरण गर्ने गराउने र कार्यक्रम व्यवस्थापन समितिलाई प्रतिवेदन पेश गर्ने,

(ग) अनुसूची-६ बमोजिम प्रस्ताव मूल्याङ्कन गरी छनौटका लागि व्यवस्थापन समितिमा सिफारिस गर्ने।

## परिच्छेद-४

## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

९. अनुदान प्रवाह विधिः छनौट भई सम्झौता भएका साझेदार संस्थालाई प्रदान गरिने अनुदान देहाय बमोजिम हुनेछः-

(क) यस कार्यक्रममा सहभागी हुन चाहने कृषक समूह, सहकारी र समितिलाई मन्त्रालय/कार्यालयले अनुदान रकम बढीमा २५ देखि ३० लाखसम्म अनुदान प्रवाह गर्नेछ।

(ख) छनौट भएका कृषक समूह, सहकारी र समितिलाई मन्त्रालय/कार्यालयले कूल लागत अनुमानको ५० प्रतिशत अनुदान उपलब्ध गराउने र बाँकी ५० प्रतिशत रकम समिति, समूह वा सहकारीले व्यहोर्नु पर्नेछ।

(ग) मन्त्रालय/कार्यालयले विनियोजित वजेटको परिधि भित्र रही कोशेली घर स्थापना गर्न भौतिक पूर्वाधार विकास तर्फ व्यवस्थापन कक्ष, डिस्प्ले रुम, पार्किङ्ग स्थल, शौचालय, भण्डारण कक्ष आदिको पूर्वाधार निर्माणमा कूल लागत रकमको ७० प्रतिशत र औजार तथा उपकरण सामग्रीहरु तर्फ र्‍याक, पार्टिसन, दराज, रेफ्रिजिरेटर तथा आवश्यक अन्य पूँजिगत सामग्री आदिको खरिद तथा जडानमा ३० प्रतिशत अनुदान उपलव्ध गराईने छ।

(घ) यस कार्यक्रमबाट उपलब्ध गराईने पूँजिगत औजार, उपकरण तथा खर्च भएर नजाने निर्माण खरिद गर्दा कम्तिमा तिन वटा आधिकारीक आपूर्तिकर्ताहरुबाट कोटेशन लिई मुल्याङ्कन गरेको निर्णय पेश गरेमा मात्र खर्च गर्न सकिनेछ।

(ङ) संस्थागत रुपमा दर्ता भइ काम गर्ने कृषक समूह, सहकारी वा समितिहरुको हकमा संस्थाको आर्थिक कार्यविधि वा विनियम र कार्यालयको निर्देशन अनुसार खरिद सम्बन्धी कार्य सञ्चालन गर्न सक्नेछन।

(च) एक लाख भन्दा बढी मुल्य पर्ने वस्तु वा सेवा खरिद गर्दा अनिवार्य रुपमा कम्तीमा तिन वटा कोटेशन लिई खरिद गर्नुपर्नेछ ।

(छ) अनुदानग्राहीले सम्झौतामा भएको कार्ययोजना अनुसार मन्त्रालय/कार्यालयबाट अनुदान प्राप्त गर्ने कृयाकलापहरुको सक्कल बिल भरपाई र स्वयं अनुदानग्राहीले साझेदारीमा सम्पन्न गर्ने कृयाकलापको बिल भरपाईको प्रतिलिपी संलग्न राखी भुक्तानी माग गर्न सक्नेछन।

(ज) पूर्वाधार निर्माण तथा यन्त्र उपकरण खरिद जस्ता पूँजिगत अनुदान खर्चमा कन्टेन्जेन्सी नियमानुसार काटी खर्च गर्न सकिनेछ।

(झ) भुक्तानी माग भएपछि कार्यालयले तोकेको प्राविधिकबाट कार्य प्रगतिको अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि बढीमा तीन किस्तामा सेवाग्राहीको बैंक खाता मार्फत गरिनेछ।

(ञ) बढिमा २५ प्रतिशत कार्य सम्पन्न भएपछि मात्र पहिलो किस्ता भुक्तानी गरिनेछ ।

(ट) तीन किस्तामा अनुदान प्रदान गर्दा कार्यक्रमको उद्देश्य हासिल हुने सुनिश्चितता नहुने ठानेमा सो भन्दा कम वा वढी किस्तामा समेत अनुदान रकम निकासा वा भुक्तानी गर्न सकिनेछ ।

(ठ) प्रथम किस्ता भन्दा पछिल्लो किस्ताको रकम भुक्तानी वा निकासा गर्दा सो अगाडिका किस्ताको कामको वित्तीय तथा भौतिक प्रगति, सम्बन्धित प्राविधिकको

निरीक्षण सहितको पुष्टयाई प्रतिवेदन र जिम्मेवार निकायले आवश्यक ठानेका अन्य कुराहरुको विश्लेषण गरी निकासा वा भुक्तानी गर्नु पर्नेछ।

(ड) अन्तिम किस्ताको रकम निकासा गर्दा अन्तिम किस्ता भन्दा अगाडिका किस्तामा भएको कामको वित्तीय तथा भौतिक प्रगति, अन्तिम किस्तामा भएको कामको प्रगति, सम्बन्धित प्राविधिकको निरिक्षण सहितको पुष्टयाइंको प्रतिवेदन, सार्वजनिक सुनुवाई प्रतिवेदन, कार्यसम्पन्न एवं कार्यस्वीकृत प्रतिवेदन हेरी जिम्मेवार निकायले आवश्यक ठानेका अन्य कुराहरु समेतको विश्लेषण गरी बजेटको परिधिभित्र रही अर्को आर्थिक वर्षलाई दायित्व बाँकी नरहने गरी निकासा तथा भुक्तानी गर्नुपर्नेछ ।

(ढ) अनुदान रकमको अन्तिम किस्ता भुक्तानी गर्दा सम्बन्धित स्थानीय तह वा जिल्ला स्थित कार्यालयको सिफारिस समेत पेश गर्नुपर्नेछ ।

## परिच्छेद-५

## अनुगमन र समन्वय

१०. अनुगमनः (१) अनुदानग्राहीले गर्ने कार्यक्रमको अनुगमन पाँच वर्षसम्म मन्त्रालय/कार्यालय, प्रदेश सरकारका सरोकारवाला निकायहरु तथा सम्बन्धित स्थानीय तहले संयुक्त वा छुट्टा छुट्टै गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन कार्यालयले सुरक्षित राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको निर्देशनको पालन गर्नु अनुदानग्राहीको कर्तव्य रहनेछ।

११. समन्वयः मन्त्रालय/कार्यालयले यस कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न सरोकारवाला संघ, प्रदेश र स्थानीय तहका निकायबीच समन्वय गर्नेछ।

## परिच्छेद -६

## विविध

१२. सार्वजनिक परीक्षणः यस सञ्चालन विधि बमोजिम कार्यक्रम सम्पन्न भएपछि अनुदानग्राहीले स्थानीय तहका प्रतिनिधिहरु, सरोकारवाला निकाय तथा कार्यक्रमबाट प्रभावित जनसमुदायलाई कार्यक्रम सञ्चालन भएको स्थानमा भेला गराई कार्यक्रमको आम्दानी तथा खर्च, निर्मित संरचना र खरिद गरिएको वस्तुको सार्वजनिकीकरण गर्नु पर्नेछ।

१३. कारवाहीको व्यवस्थाः (१) सम्झौता अनुसारको कार्य नभएमा, प्राप्त रकम हिनामिना गरेमा वा नक्कली बिल भरपाई बनाई भुक्तानी लिएको प्रमाणित भएमा वा यस कार्यक्रम सञ्चालन विधि अनुरुप अनुदानको दुरुपयोग गरेमा अनुदानग्राहीलाई प्रचलित कानून अनुसार कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(२) साझेदार संस्थाले पाँच वर्षसम्म खर्चको विवरण मन्त्रालय/कार्यालयमा पेश गर्नु पर्नेछ।

१४. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस विधिको कार्यान्वयनका सम्बन्धमा यसमा उल्लेख नभएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

मन्त्री

सचिव

अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## प्रस्ताव आव्हानको सूचनाको ढाँचा

प्रथम पटक प्रकाशित मितिः २०७७/ /

यस ........................... मन्त्रालय/कार्यालय, लुम्बिनी प्रदेश, बुटवलको आ.व. ............ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कोशेली घर स्थापना सञ्चालन सञ्चालन विधि, २०७७ बमोजिम कोशेली घर स्थापना गर्नका लागि उद्यमी, समूह वा सहकारी संस्थाहरुले यो सूचना प्रकाशित भएको ३० दिन भित्र आईपुग्ने गरी तपसिल बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता गर्नु हुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल :

- अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन
- अनुसुची-३ बमोजिमको ढाँचामा प्रस्ताव पत्र पेज..........को ......... प्रति
- आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्थाको हकमा संस्था दर्ता तथा नवीकरण गरेको प्रमाणपत्र
- संस्थाको हकमा स्थायी लेखा नम्बर (PAN) दर्ता तथा नवीकरण प्रमाण-पत्रको प्रतिलिपि
- प्रस्तावकले लागत साझेदारी गर्ने र अन्य निकायवाट अनुदान लिए/नलिएको प्रतिवद्धतापत्र
- अनुदानग्राहीले लगानीको पर्याप्त आधारहरु पेश गर्नुपर्ने
- जग्गाको लालपूर्जा/भाडा (कम्तीमा १० वर्षको) सम्झौता पत्रको प्रतिलिपी १ प्रति
- प्रस्ताव अनुसारको इन्जिनियरिङ्ग डिजाइन तथा लागत अनुमान
- अन्य सान्दर्भिक कागजातहरु...............

मन्त्री

सचिव

अनुसूची-२

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

मन्त्री

## निवेदनको ढाँचा

श्रीमान् सचिवज्यू/कार्यालय प्रमुखज्यू
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/कार्यालय
लुम्बिनी प्रदेश, रुपन्देही/सम्बन्धित जिल्ला

मितिः ....................

**विषयः कोशेली घर स्थापनाको प्रस्ताव पेश गरेको बारे।**

प्रस्तुत विषयमा तहाँ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/कार्यालयबाट मिति .................................. मा प्रकाशित गरिएको सूचना अनुसार ......................................... कोशेली घर स्थापना गर्न आवश्यक भएकोले मन्त्रालय/कार्यालयले तोकेको शर्तको अधीनमा रही साझेदारीमा कोशेली घर स्थापना गर्न आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न राखी यो प्रस्ताव पेश गरेको छु।

संलग्न कागजातरुः

१.
२.
३.
४.

दस्तखत ............................
नाम ................................
पद ..................................
ठेगाना ..............................
संस्थाको नाम ......................
सम्पर्क नं. .........................
ईमेल ..............................

संस्थाको छापः

सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

# अनुसूची-३

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

## प्रस्ताव-पत्रको ढाँचा

मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क) प्राविधिक प्रस्तावः | | | | | | | | |
| १ | प्रस्तावित कार्यक्रमको नाम | | | | | | | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | | | | | | | |
| ३ | आवदेकको नाम | | | | | | | |
| ४ | ठेगाना | | | | | | | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं., फ्याक्स् नं., मोवाइल नं. | | | | | | | |
| ६ | आवेदकको email address | | | | | | | |
| ७ | आवेदक संस्थाको दर्ता नम्बर | | | | | | | |
| ८ | दर्ता भएको निकाय र दर्ता मिति | | | | | | | |
| ९ | आवेदक संस्थाको उमेर (दर्ता वा स्थापना पश्चातको अवधि वर्षमा) | | | | | | | |
| १० | स्थायी लेखा नम्बर/भ्याट दर्ता नम्बर | | | | | | | |
| ११ | प्रस्तावित कार्यक्रम वा उपकरणको अनुमानित लागत रु. | | | | | | | |
| ११.१ | | | | | | | | |
| ११.२ | | | | | | | | |
| ११.३ | | | | | | | | |
| ११.४ | | | | | | | | |
| १२ | प्रस्तावकले आफ्नै स्रोतबाट व्यहोर्ने रकम रु. | | | | | | | |
| १३ | मन्त्रालय/कार्यालयसँग माग गरेको रकम रु. | | | | | | | |
| १४ | प्रस्तावित कार्यक्रमको उद्देश्यः | | | | | | | |
| १४.१ | | | | | | | | |
| १४.२ | | | | | | | | |
| १५ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरुः | | | | | | | |
| १५.१ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | | | | | |
| १५.२ | कस्तो सडक छ (कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | | | | | |
| १५.३ | बिजुलीको सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी (कि.मी.) | | | | | |
| १५.४ | खानेपानीको सुविधा (छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिजमा) | | | | | |
| १५.५ | आफ्नै स्वामित्वको भवन, मेशिनरी, सवारी साधन र यन्त्र उपकरणको किसिम र संख्या उल्लेख गर्नेः | | | | | | | |
| | भवन संख्या | | मेशिन संख्या | | सवारी साधन संख्या | | उपकरण संख्या | |



सचिव

मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | किसिम | | किसिम | | किसिम | | किसिम | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने जनसंख्या: | | | | | |
| १७ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुने जनसंख्या) | पूरुष | महिला | दलित | जनजाती | अन्य |
| | | | | | | |

| | | |
|---|---|---|
| १८ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने क्रियाकलापहरुको विवरण: | |
| १८.१ | कोशेली घरमा बिक्री हुने सामान | शतप्रतिसत वा ७५ प्रतिसत वा ५० प्रतिसत वा सो भन्दा कम स्थानीय तह वा जिल्लाभित्रबाट आपूर्ति हुने |
| १८.२ | सामग्रीको स्रोत | आफ्नै उत्पादन वा करार खेती वा खुला बजारबाट खरीद हुने |
| १८.३ | आंफै खेती गर्ने भए जग्गाको किसिम | आफ्नो वा भाडाको वा दुबै |
| १८.४ | उत्पादनको किसिम | प्राङ्गारिक वा असल कृषि अभ्यास प्रयोग गरेको वा नखुलेको |
| १८.५ | कारोवारको मात्रा | दैनिक १ टन सम्म वा ३ टन सम्म वा ५ टन सम्म वा ५ टन भन्दा बढी |
| १८.६ | खरिद सम्बन्धी व्यवस्था | मुल्य तोकी खरिद सम्झौता भएको वा खरीद सम्झौता मात्र भएको वा खरिद समझौता नभएको |
| १८.७ | सामान खरिद गर्ने सम्झौता भएको किसान संख्या | ५० भन्दा कम/ ५० देखि १००सम्म/ १०१ देखि १५०सम्म/ १५१ देखि २०० सम्म वा २०० भन्दा बढी |
| १८.८ | सामान खरिद गर्ने सहकारी भए सहकारी संख्या | १ वटा/ ३ वटा/ ५ वटा/ ७ वटा/ ७ भन्दा बढी |
| १८.९ | लगानीको किसिम | एकल वा सामूहिक |
| १८.१० | सामूहिक भए लगानीको स्रोत | शेयर लगानी वा वचत परिचालन वा ऋण लगानी |

सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

मन्त्री

| १९ | क्रियाकलाप कार्यान्वयन योजना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | योजना | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ | आषाढ |
| १९.१ | | | | | | | | | | | | |
| १९.२ | | | | | | | | | | | | |
| १९.३ | | | | | | | | | | | | |
| १९.४ | | | | | | | | | | | | |

| २० | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुँदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने) | |
|---|---|---|
| | अपेक्षित उपलब्धिहरु | परिमाण |
| २०.१ | | |
| २०.२ | | |
| २०.३ | | |
| २०.४ | | |

| २१ | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य हुने रकम खुलाउने: | |
|---|---|---|
| | प्रस्तावित कार्यक्रममा संलग्न निकायहरुको नाम र ठेगाना | सहकार्य हुने रकम रु. |
| २१.१ | | |
| २१.२ | | |
| २१.३ | | |
| २१.४ | | |

| २२ | प्रस्तावकले विगत वर्षमा सम्पन्न गरेका उल्लेखनीय कार्यहरु (प्रस्तावित कार्यक्रमसँग मेलखाने मात्र): |
|---|---|
| २२.१ | |
| २२.२ | |
| २२.३ | |
| २२.४ | |

| २३ | उपरोक्त कार्य सम्पादनका लागि भएको लगानी रकम रु. | |
|---|---|---|

| २४ | प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम भए अवधि समेत खुलाउने | |
|---|---|---|
| | अनुभव तथा तालिमहरु | अवधि |
| २४.१ | | |
| २४.२ | | |
| २४.३ | | |

| २५ | प्रस्तावकसँग विद्यमान जनशक्ति विवरण | | |
|---|---|---|---|
| | जनशक्ति विवरण | शैक्षिक योग्यता | तालीमको नाम र अवधि |
| २५.१ | | | |
| २५.२ | | | |
| २५.३ | | | |



सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

मन्त्री

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २५.४ | | | | | | | | |
| २६ | प्रस्तावित कार्यक्रमले सिर्जना गर्ने थप रोजगारी संख्याः | | | | | | | |
| ख) आर्थिक प्रस्तावः प्रस्तावमा उल्लेखित क्रियाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण | | | | | | | | |
| क्र.सं. | मुख्य मुख्य-क्रियाकलापहरु | ईकाई | परिमाण | प्रति ईकाई दर | कूल लागत रकम रु. | प्रस्तावकको योगदान रु. | मन्त्रालय/कार्यालयबाट अनुदान रु. | प्रस्तावकले बेहोर्ने रकमको स्रोत |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| जम्मा रकम रु. | | | | | | | | |
| VAT रकम रु. | | | | | | | | |
| कूल जम्मा रकम रु. | | | | | | | | |
| उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छु/छौं। कहि कतै झुठो ठहरेमा कानून बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौं। | | | | | | | | |
| प्रस्तावक संस्थाको जिम्मेवार पदाधिकारीको | | | | | | | | |
| नामः | | | | | | | | |
| पदः | | | | | | | | |
| हस्ताक्षरः | | | | | | | | |
| मितिः | | | | | | | | |
| संस्थाको छाप | | | | | | | | |

सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

अनुसूची-४

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

आवश्यक मापदण्ड

मन्त्री

१. कम्तीमा एक वटा २०*५०*९ क्यु. फिट वा सो बराबर क्षेत्रफलको डिस्प्ले कोठा निर्माण हुनु पर्नेछ।
२. हरेक डिस्प्ले कोठामा आवश्यकता अनुसार वातानुकूलित यन्त्र जडान गर्नु पर्नेछ। हरेक डिस्प्ले कोठामा ऱ्याक जडान गर्नु पर्नेछ।
३. जग्गाको स्वामित्व संस्थाको नाममा रहेको वा कम्तीमा १० वर्षको जग्गाको करारनामा हुनु पर्नेछ।
४. कोशेली घर स्थापनाको लागि प्रस्ताव पेश गर्ने उद्यमी, समूह र सहकारीले पूर्वाधार निर्माण तर्फ आवश्यक कोठाहरु, गोदाम घर, आदि सुविधा सम्बन्धी सम्पूर्ण संरचनाहरु निर्माण गरेको हुनु पर्नेछ।
५. कोशेली घर स्थापना गर्न कम्तीमा ११००० वर्ग फिट क्षेत्रफलको स्थान उपलब्ध गराउनु पर्नेछ। जसमा डिस्प्ले हल, कार्यालय कोठा (२-३ वटा), पार्किङ्ग स्थल, शौचालय, तापक्रम कायम गर्ने गोदाम घर, फोहोर व्यवस्थापन कक्ष आदि रहनेछ।
६. कोशेली घर स्थापनाको लागि मान्यता प्राप्त ईन्जिनियरिङ फर्म वा प्राविधिकबाट पूर्व सम्भाव्यता अध्ययन, डिजाईन, लागत अनुमान र कार्य योजना तयार गरी पेश गर्नु पर्नेछ।
७. कम्तीमा ५ वटा गाडी र २५ वटा मोटर साईकल पार्किङ्गको व्यवस्था हुनु पर्ने छ।
८. कार्यक्रम सञ्चालन हुने क्षेत्रमा सडक, नियमित विद्युत र खानेपानीको सुलभ पहुँच भएको हुनु पर्नेछ।
९. गुणस्तर युक्त स्वदेशी उत्पादन तथा स्थानीय कृषि बस्तुहरुको आपूर्तिको लागि प्रदेश भित्रका सबै जिल्लामा आपूर्तिकर्ताहरुको सञ्जाल भएकोलाई प्राथमिकता दिईनेछ।

सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

मन्त्री

## अनुसूची-५
(दफा ८ को उपदफा (१०) को खण्ड (ख) सँग सम्बन्धित)
### स्थलगत प्रमाणीकरण फारामको ढाँचा

खण्ड कः उद्यमीको विवरण

१. अनुदानग्राहीको विवरण

आवेदक संस्थाको नामः.........................................................

आवेदकको पुरा ठेगाना

जिल्लाः...................................................................

गा.पा. । न.पाः...........................वडा नं.................

गाँउ । टोलः................................ ईमेल.....................

टेलिफोन नं.........................................................

आवेदक संस्थाको किसिम (कुनै एक मात्र चिन्ह लगाउने) १. कृषक समूह २.कृषि सहकारी ३.उद्यमी ४.समूह सहकारीमा आवद्ध कृषक ५.अन्य खुलाउने)...............................

संस्था स्थापना भएको मिति .......................................

सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भएको दर्ता नम्बर ..................................

सस्था दर्ता गर्ने निकाय...............................................

मितिः....................................................

भ्याट । प्यान दर्ता नं. ...............................................................

२. प्रस्तावित कार्यक्रम विवरण

कार्यक्रमको नाम

ठेगानाः जिल्ला.......................................................................

स्थानीय पालिका.............................................................

गाउँ । टोलः....................................वडा नं.....................

३. प्रस्तावित कार्यक्रमबाट अनुमानित लाभग्राहीहरुको वा घरपरिबार विवरण (सख्या)

जम्मा सदस्य संख्या ........................

समेटिएका जम्मा घरधुरी संख्या ........................

| समावेशीकरण विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| दलित | | | |
| जनजाति | | | |
| मुस्लीम | | | |



सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

मन्त्री

| | | | |
|---|---|---|---|
| थारु | | | |
| ब्राह्मण क्षेत्री | | | |
| अन्य | | | |
| संलग्न हुने कुल सदस्य संख्या | | | |

४. प्रस्तावित कार्यक्रमको उद्देश्यहरु अनुसारको क्रियाकलापहरु संचालनको अवस्था
क) भएको ख) नभएको

५. प्रस्तावित कार्यक्रमको कूल लागतको बाँडफाँडमा लागत सहभागिताको श्रोत खुल्ने प्राप्त आधार भएको वा नभएको
क) भएको ख) नभएको ग) भएको भए अधार लेख्नु पर्ने

६. प्रस्तावित कार्यक्रमको कार्यान्वयन र व्यवस्थापन समिति गठन सम्बन्धी विवरण
क) भएको ख) नभएको

७.अन्य कुनै संस्थाबाट प्रस्ताव मा वित्तीय सहयोग प्राप्त गर्नु भएको भए वा नभएको
क) भएको ख) नभएको

ग) प्राप्त भएको भए सहयोग दिने संस्थाको नाम.............................................................

प्राप्त आ.व.............सहयोग लिएको रकम रु....................काम सम्पन्न भएको छ/छैन

८. अनुदान माग गर्ने संस्थाको अनुभव सम्बन्धी विवरण
............................................................ ...................................................

९.संस्थाको भौतिक साधन

१०.संस्थाको वित्तीय अवस्था

११. कार्यक्रम संचालनको लागि प्राविधिकको व्यवस्थाः

१२. प्रस्तावित कार्यक्रम संचालन गर्ने स्थानको वातावरणीय अवस्था

| क्र.सं. | विवरण | पर्छ | पर्दैन | पर्छ भने के यो आयोजना संचालनबाट कुन प्रकारको नकारात्मक असर पर्न सक्ने सम्भावना छ ? |
|---|---|---|---|---|
| १ | वन,जङ्गल/वन्यजन्तु/अन्य प्राकृतिक श्रोतहरु | | | |



सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २ | जलासय (नदी, तलाउ, पोखरी) | | | |
| ३ | निकुञ्ज/संरक्षित क्षेत्र | | | |
| ४ | पानीको मुहान | | | |
| ५ | पुरातात्विक क्षेत्र/धार्मिक क्षेत्र/मन्दिर | | | |
| ६ | चिहान | | | |

१३. प्रस्तावित कृषि उद्योगलाई दिगो राख्न के योजना सोच्नु भएको छ ?

.............................................................................................................

.............................................................................................................................

१४. प्रस्ताव पेश गर्दा भरिएको विवरणहरुको सम्बन्धमा

क दुरुस्त पाईएको

ख सामान्य फरक देखिएको

ग फारममा पेश गरेको विवरणहरु धेरै फरक परेको (तथ्यमा आधारित नभएको): यस्तो अवस्थामा स्थलगत मूल्याङ्कन टोलीले के के विषयहरुमा कमि कमजोरी पाईएको हो सो कुरा खुलाउनु पर्नेछ र यस्तो प्रस्ताव मूल्याङ्कनमा समावेश हुने छैन।

१५ सिफारिस : उक्त कार्यक्रम प्रस्तावकोस्तरको बारेमा निश्कर्ष

| क स | गुणस्तर | कारण |
|---|---|---|
| १ | अति उत्तम | |
| २ | उत्तम | |
| ३ | मध्यम | |
| ४ | सामान्य | |
| ५ | अनुदान प्रयोजनको लागि अयोग्य | |

नोटः कार्यक्रमसँग सम्बन्धित कुनै कागजात, स्थानीय समुदायसँग भएको वार्तालापको विवरण, कार्यक्रमसँग सम्बन्धित फोटो, भिडियो क्लिप आदि समेत समावेश गर्न सकिनेछ।

१६ मूल्याङ्कन समिति

| क स | नाम | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |



सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

मन्त्री

अनुसूची-६

(दफा ८ को उपदफा (१०) को खण्ड (ग) सँग सम्बन्धित)

प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अधिकतम अङ्क | कैफियत |
|---|---|---|---|
| १ | सहभागीको क्षेत्रगत अनुभव | ४ | ३ बर्ष भए ४ अङ्क, २ बर्ष भए ३ अङ्क, १ बर्ष भए २ अङ्क, नयाँ खोल्ने भए १ अङ्क। |
| २ | प्राविधिक पक्ष लगानीको हरेक क्रियाकलापको लागि कोटेसन भएको र लाभ लागतको साथै लगानीको प्रतिफल कति समयमा उठ्ने हो खुलेको | १६ | (१६,१२,१० वा रद्ध) |
| ३ | परियोजनाको किसिम | ५ | एकल भए ३ अङ्क, साझेदारी भए ४ अङ्क, सहकारी भए ५ अङ्क। |
| ४ | सामग्री व्यवस्थापन | १० | आफ्नै भए १० अङ्क, करारमा भए ८ अङ्क, खुला बजारबाट भए ६ अङ्क। |
| ५ | खरिद सम्झौताको किसिम | १० | मूल्य सहित खरिद सम्झौता भएको भए १० अङ्क, सम्झौता मात्र भएको भए ८ अङ्क, समझदारी मात्र भएको भए ६ अङ्क। |
| ६ | उत्पादनको किसिम | ५ | प्राङ्गारिक भए ५ अङ्क, असल कृषि अभ्यास मार्फत भए ४ अङ्क, नखुलेको भए ३ अङ्क। |
| ७ | आर्थिक पक्ष | १० | नगद मौज्दात भए १० अङ्क, ऋण वा लगानी सुनिश्चित भएको भए ८ अङ्क, नखुलेको भए ६ अङ्क। |
| ८ | अनुभव | ५ | ३ बर्ष वा सो भन्दा बढी भए ५ अङ्क, २ बर्ष पुगेको भए ४ अङ्क, १ बर्ष पुगेको भए ३ अङ्क, नयाँ खोल्ने भए २ अङ्क। |
| ९ | कारोवारको मात्रा | १० | दैनिक १ टन भए ५ अङ्क, ३ टन भए ७ अङ्क, ५ टन भए ९ अङ्क, ५ टन भन्दा बढी भए १० अङ्क। |
| १० | सामान सप्लाइ गर्ने किसान संख्या | २.५ | ५० भन्दा कम भए ०.५ अङ्क, ५० देखि १०० सम्म भए १ अङ्क, १०१ |



सचिव

| | | | |
|---|---|---|---|
| | | | देखि १५० सम्म भए १.५ अङ्क, १५१ देखि २०० सम्म भए २ अङ्क, २०० भन्दा बढी भए २.५ अङ्क। |
| ११ | सामान सप्लाइ गर्ने सहकारीको संख्या | २.५ | १ वटा भए ०.५ अङ्क, ३ वटा सम्म भए १ अङ्क, ५ वटासम्म भए १.५ अङ्क, ७ वटासम्म भए २ अङ्क, ७ भन्दा बढी भए २.५ अङ्क। |
| १२ | रोजगारी सिर्जना | ५ | ३ जनासम्म २ अङ्क, ५ जनासम्म ३ अङ्क, ७ जनासम्म ४ अङ्क ७ जना भन्दा बढी भए ५ अङ्क। |
| १३ | अनुदान माग (आफुसँग विगतमा लगानी गरेको समेत) | १५ | कूल लगानीको २०% भए १५ अङ्क, ३०% भए १३ अङ्क, ४०% भए ११ अङ्क, ५०% भए ९ अङ्क। |
| | जम्मा | १०० | |

सचिव

प्रदेश सरकार लुम्बिनी प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मुकाम बुटवल, नेपाल

अनुसूची-७

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**सम्झौताको ढाँचा**

मन्त्री

लुम्बिनी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/कार्यालय, आ.व. .......... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कोशेली घर स्थापना सम्बन्धी मिति .......... गतेको .......... ......... पत्रिकामा प्रकाशित सूचना बमोजिम पेश हुन आएका प्रस्तावहरु मध्ये मिति ........... मा बसेको कार्यक्रम स्वीकृत तथा मूल्याङ्कन समितीको बैठकबाट श्री ............. को प्रस्ताव छनौट भएको हुँदा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र श्री .................. (यसपछि दोस्रो पक्ष भनिने) बिच तपसिल अनुसारका शर्तहरु पालना गर्ने गरी कोशेली घर स्थापना र सञ्चालनका लागि द्विपक्षि सम्झौता गरि बुझिलियौं/दियौं।

तपशिलः

१. प्रथम पक्षले कोशेली घर स्थापना तथा सञ्चालन सम्बन्धी कार्यक्रमको लागी विनियोजित रु. .................... मध्ये नियमानुसार कन्टिन्जेन्सी वापतको रु ........... कट्टा गरी दोश्रो पक्षलाई रु. ............ (अक्षरुपी.............................) बराबरको आर्थिक अनुदान प्रदान गर्नेछ।
२. दोश्रोपक्षले बांकी रकमको व्यवस्था गरी लुम्बिनी प्रदेशको .................जिल्ला, ............स्थानीय तह ................... नं. वडाको .................... भन्ने स्थानमा कार्यक्रम सम्पन्न गर्नेछ।
३. दोश्रोपक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविकको डिजाईन र स्टिमेट अनुसारका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ।
४. कार्यक्रम सञ्चालनका लागी आवस्यक निर्माण सम्बन्धी डिजाईन, इष्टिमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन्न प्रतिबेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदी दोश्रो पक्षले गर्नेछ।
५. दोश्रो पक्षले शुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवस्यक अन्य कागजात सहित भुक्तानीका लागी प्रथम पक्ष समक्ष निवेदन पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरे दोश्रो पक्षको बैङ्क खातामा प्रथम पक्षले किस्तावन्दीमा भुक्तानी दिनेछ।
६. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए /नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।
७. दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नुपर्नेछ।
८. कार्यक्रम सन्चालनका दौरान वा सम्पन्न भए पश्चातको सन्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागी गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

सचिव

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकाम बुटवल, नेपाल

९. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगती, उपलब्धी एवं कारोबार सम्बन्धी विवरणहरु सम्बन्धित स्थानीय निकाय मार्फत प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

१०. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ।

११. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ।

दोस्रो पक्षको तर्फबाटः
हस्ताक्षरः
नामः
पदः
कार्यालयः
कार्यालयको छापः

प्रथम पक्षको तर्फबाटः
हस्ताक्षरः
नामः
पदः
कार्यालयः
कार्यालयको छापः

रोहवर
हस्ताक्षरः
नामः
पदः
कार्यालयः
कार्यालयको छापः

हस्ताक्षरः
नामः
पदः
कार्यालयः
कार्यालयको छापः

इति सम्वत् ............... साल ................. महिना ......... गते रोज ........ शुभम्।

सचिव